# चाँगुनारायण नगरपालिका
# जनप्रतिनिधी/पदाधिकारी/कर्मचारीहरुको आचारसंहिता
# २०७४

**प्रस्तावना**

स्थानीय शासनलाई थप जनमुखि, सेवामुखि, जनउत्तरदायी र पारदर्शी तुल्याई शुसासनको प्रत्याभूति दिलाउन तथा **चाँगुनारायण नगरपालिका**लाई विश्वासिलो शासन इकाईका रुपमा सुदृढीकरण गर्नका लागि समाजका विभिन्न वर्ग, धर्म, लिङ्ग, जातजातिका मौलिक संस्कृतिप्रति सम्मान र सहअस्तित्वको भावनाको विकास गरी प्रजातान्त्रिक मूल्य र मान्यता एवम् स्थानीय शासनमा व्यापक सहभागिता, प्रजातान्त्रिक आचरण र क्रियाकलापहरुलाई संस्थागत गर्न, प्रचलित कानुन, विकेन्द्रीकरणका मान्य सिद्धान्त तथा नीतिहरु, स्थानीय सरकार संञ्चालन ऐन, २०७४ **चाँगुनारायण नगरपालिका** कार्यसंम्पादन नियमावली २०७४ र कार्य विभाजन नियमावली २०७४ को भावना र प्रावधानहरुको इमान्दारी तथा निष्पक्षरुपमा प्रभावकारी कार्यान्वयन गर्न सदाचारयुक्त, स्वच्छ र नैतिक आचरणयुक्त जीवनचर्याकालागि **नगरपालिका**को दाश्रो नगर सभा बाट यो **चाँगुनारायण नगरपालिका**का जनप्रतिनिधी, पदाधिकारी र कर्मचारीहरुको आचारसंहिता २०७४ पारित गरी लागु गरिएकोछ ।

## भाग – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस अचारसंहिताको नाम **चाँगुनारायण नगरपालिका**का जनप्रतिनिधिहरु/पदाधिकारी/ कर्मचारीहरुको आचारसंहिता, २०७४ रहेको छ ।

२) यसमा उल्लेखित आचारहरु **चाँगुनारायण नगरपालिका**को नगरसभाबाट पारित भएका मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,**

(क) “आचारसंहिता” भन्नाले **चाँगुनारायण नगरपालिका**का जन प्रतिनिधी, पदाधिकारी र कर्मचारीहरुको आचारसंहिता, २०७४ लाई जनाउनेछ ।

(ख) “स्थानीय तह” भन्नाले नेपालको संविधान २०७२ बमोजिमको गाउँपालिका, नगरपालिका र जिल्लासभा सम्झनुपर्छ ।

(ग) **नगरपालिका**” भन्नाले नेपालको संविधान २०७२ स्थानीय सरकार संञ्चालन ऐन, २०७४ बमोजिम गठित **चाँगुनारायण नगरपालिका** लाई जनाउनेछ ।

(घ) “कार्यपालिका” भन्नाले **चाँगुनारायण नगरपालिको** बोर्ड (कार्यसमिति) लाई वुझाउनेछ ।

(ङ) “प्रमुख” भन्नाले चाँगुनारायण नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(च) “पदाधिकारी” भन्नाले **चाँगुनारायण नगरपालिकाका** प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगर सभा सदस्यहरु र नगरपालिकाले आफ्नो कार्य सम्पादनका सिलसिलामा गठन गरेका जुनसुकै समिति वा उपसमिति वा सल्लाहकार समिति वा कार्यदलका सदस्यहरु समेतलाई सम्झनुपर्दछ ।

(छ) “जनप्रतिनिधि” भन्नाले प्रचलित कानून अनुसार **चाँगुनारायण नगरपालिकाको** प्रमुख, उप प्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा नगर सभा सदस्यमा निर्वाचित जनप्रतिनिधिहरुलाई वुझाउनेछ ।

(ज) “कर्मचारी” भन्नाले जुनसुकै तवरबाट नियुक्त भइ जुनसुकै श्रोतबाट पारिश्रमिक प्राप्त गर्ने **चाँगुनारायण नगरपालिका**मा कार्यरत विभिन्न तह र श्रेणीका कर्मचारीहरुलाई सम्झनुपर्दछ ।

(झ) “सचिव” भन्नाले **चाँगुनारायण नगरपालिकाको** सचिव वा सचिवको काम गर्न तोकिएको पदाधिकारीलाई सम्झनुपर्दछ ।

(ञ) “ऐन” भन्नाले स्थानीय सरकार संञ्चालन ऐन २०७४ लाई सम्झनुपर्छ ।

(ट) "नियम" भन्नाले नेपालको संविधान २०७२, स्थानीय सरकार संञ्चालन ऐन २०७४ अन्तर्गत रही **चाँगुनारायण नगरपालिका**बाट बनाई लागु गरिएका नियमहरुलाई सम्झनुपर्छ ।

(ठ) "विनियम" भन्नाले नेपालको संविधान २०७२, स्थानीय सरकार संञ्चालन ऐन २०७४ अन्तर्गत रही **चाँगुनारायण नगरपालिका**बाट बनाई लागु गरिएका विनियमहरुलाई सम्झनुपर्छ ।

(ड) "अनुगमन समिति" भन्नाले यस आचारसंहिताको नियम (२४) अनुसार गठित अनुगमन समितिलाई सम्झनुपर्छ ।

(ढ) सेवा प्रवाह" भन्नाले **चाँगुनारायण नगरपालिकाका जन प्रतिनिधी,** पदाधिकारी र कर्मचारीहरुले जनतालाई पुऱ्याउने सेवा वा सुविधा सम्झनु पर्दछ ।

(ण) "सेवा ग्राही" भन्नाले भन्नाले **चाँगुनारायण नगरपालिका** कार्यालय र सो अन्तरगतका निकायमा सेवा लिन आउनेहरुलाई सम्झनु पर्दछ ।

## भाग – २
## जनप्रतिनिधी/पदाधिकारी तथा कर्मचारीहरुको आचारहरु

३. जनप्रतिनिधीहरु/पदाधिकारी तथा कर्मचारीहरुले गर्न हुने र नहुने सामान्य आचारहरुका सम्बन्धमा:
जनप्रतिनिधीहरु/पदाधिकारीहरुले देहायमा उल्लेखित आचारहरु पालन गर्नु पर्नेछ ।

१. नेपालको संविधान २०७२, स्थानीय सरकार संञ्चालन ऐन २०७४ र सो अन्तर्गत रही **चाँगुनारायण नगरपालिका**बाट बनाई लागु गरिएका विनियमहरु, मान्य सिद्धान्त विपरित सार्वजनिक वक्तव्य दिन नहुने, स्थानीय स्वायत्त शासन र विकेन्द्रीकरणका सिद्धान्त तथा नीतिको विपरित हुने गरी स्थानीय तह (सरकार) को स्वायत्ततालाई अनादर गर्ने, **नगरपालिका**का जनताप्रतिको उत्तरदायित्वलाई अस्विकार गर्ने, साझेदार संघ संस्थासंगको कानून बमोजिमको सम्बन्धमा खलल पर्ने जस्ता कुनै लेख, समाचार, भाषण, वक्तव्य प्रकाशन वा प्रशारण गर्नु वा गराउनु हुँदैन ।

तर यस कुराले उल्लेखित बिषयमा अनुसन्धानमुलक कुनै लेख रचना प्रकाशित गर्न रोक लगाएको मानिने छैन ।

(क) पदाधिकारीहरुले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र
स्वाभिमानको अक्षुण्णतामा प्रतिकुल हुने कार्य गर्ने छैनौ ।

(ख) कुनै पनि पदाधिकारीले राष्ट्र विरुद्ध हुने कार्यमा सघाउ पुऱ्याउने, राष्ट्रिय गोपनीयता भङ्ग गर्ने, राष्ट्रिय सुरक्षामा आँच पुऱ्याउने कार्यहरु गर्न वा त्यस्तो कार्यमा सहयोग पुऱ्याउने कार्य गर्ने वा गराइने छैन ।

(ग) कुनै पदाधिकारीले पदीय जिम्मेवारी पालना गर्दा सदैव राष्ट्र र जनताको बृहत्तर हितलाई ध्यानमा राखी गर्नेछौ ।

(घ) कुनै पनि व्यक्ति वा निकायले जनतामा निहित सार्वभौमसत्ता, राष्ट्रिय एकता, स्वाधीनता, सामाजिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सौहार्दतामा आँच पुऱ्याउने गरी कार्य गरेमा त्यस्तो कार्य निरुत्साहित गर्नेछौ ।

२. **नगरपालिका**को साधन श्रोतको दुरुपयोग गर्न नहुने : कानून बमोजिम आफूले पाउने पारिश्रमिक वा अन्य सेवा सुविधा वा भत्ता बाहेक **नगरपालिका**को साधन, श्रोत, नगद वा जिन्सी कुनै पनि प्रकारले मास्न, खान, वा दुरुपयोग गर्नु वा गराउनु हुँदैन । सार्वजनिक श्रोतको प्रयोग गर्दा अधिकतम सदुपयोग र उत्पादनशिल कार्यमा प्रयोग गर्नु पर्नेछ ।

३. ऐन, नियमले तोकेको जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु पर्ने,

क) नगरपालिकाले कुनै कामकालागि जिम्मेवार भनी तोकिदिएको पदाधिकारीहरुले कानूनले तोकिए बमोजिमका पदाधिकारीहरुलाई पूर्व जानकारी नदिई आफ्नो सेवा दिने स्थान छोडी अन्यत्र जानु हुँदैन ।

ख) पदाधिकारीहरुले प्रचलित कानूनमा तोकिएको भन्दा बढि समयका लागि आफ्नो कार्यक्षेत्र छोड्नुपर्दा कानूनले तोके वमोजिमका जनप्रतिनिधि वा पदाधिकारीलाई आफ्नो पदको अख्तियारी नदिई जानु हुदैन ।

४ प्रचलित कानूनले दिएको अधिकार बाहेकका काम गरिदिन्छु भनी आश्वासन दिन नहुने,

क) प्रचलित कानून अनुसार जनतालाई आफ्नो अधिकारक्षेत्रभित्र रही छिटोछरितो प्रकृया वा साधनबाट सेवा वा सूचना प्रदान गर्न इन्कार गर्नु हुंदैन ।

ख) कानून बमोजिम गर्नुपर्ने काम गर्न वा सेवा दिनका लागि आनाकानी वा ढिलाई गर्ने, जानीजानी अनावश्यक झंझट थप्ने वा आफ्नो अधिकारक्षेत्र वाहिरको काम गरी गराईदिनेछुं भनी आश्वासन वा भरोसा पर्ने कुनै काम गर्नु वा गराउनु हुँदैन ।

ग) **नगरपालिका जनप्रतिनिधी**/पदाधिकारीहरु एवं कर्मचारीहरुले ऐनले तोकेको योजना तर्जुमा प्रकृयाको जानकारी नदिई कुनै व्यक्ति, संस्था वा समुदायलाई **नगरपालिका**को योजना बाहेकका कुनै कार्यक्रम वा योजना स्वीकृत गरी वा गराईदिने आश्वासन दिनु हुँदैन ।

घ) आफूले गर्न नमिल्ने वा नसकिने कुराको जानकारी सम्बन्धित व्यक्तिलाई तत्काल दिनुपर्नेछ ।

५. राजनीतिक आस्था एवं राजनीतिक आस्था सामाजिक भेदभावले बढावा पाउने आचारहरु गर्न नहुने,

(क) राजनैतिक आस्था वा विचारका आधारमा कार्यपालिका वा नगर सभाका सदस्यहरु वा कर्मचारीहरु वा सेवाग्राही तथा आम नागरिकहरुसंग तेरोमेरोको भावना राखी कुनै नीति निर्माण वा निर्णय गर्नु गराउनु हुदैन ।

(ख) छुवाछुतलाई प्रश्रय दिने व्यवहार गर्नु हुँदैन र कुनै बिचार ब्यक्त गर्दा जातीय वा धार्मिक भेदभाव जनाउने खालका उखान टुक्का वा कुनै जात वा धर्म वर्ण समुदायको स्वाभिमानमा धक्का लाग्ने वा आघात पुग्ने खालका शब्दहरुको प्रयोग गर्नु हुदैन ।

(ग) कसैलाई कुनैपनि जातजाति, धर्म, वर्ण, लिङ्ग आदिका आधारमा भेदभाव गर्नु हुँदैन तथा समुदायका कानुनी हकहित र मौलिक संस्कृतिप्रति बोली र व्यवहार दुबै तवरबाट सम्मान जाहेर गर्नु पर्दछ साथै उल्लेखित आधारमा कुनै एउटा वर्गको पक्षपोषण गर्नु हुँदैन ।

(घ) **नगरपालिका**बाट निर्णय दिनुपर्ने विवादित विषयहरु, नियुक्ति वा सेवा सुविधा दिने वा लिने कुराहरुमा निष्पक्ष रुपबाट सरोकारवालाहरुको व्यापक सहभागिता र प्रतिनिधित्व गराएर मात्र निर्णय दिनुपर्नेछ ।

(ङ) विभिन्न जात जाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायबीच सामाजिक सदभाव र सौहार्दता खल्बल्याउने कुनै काम वा अन्य कुनै व्यवहार गर्नु वा गराउनु हुँदैन । कुनै सम्प्रदायबीचको सु–सम्वन्धमा खलल पर्ने गरी क्रियाकलाप गर्नु गराउनु र प्रचार प्रसार गर्नु गराउनु हुदैन ।

(च) कुनै पनि समुदायको परम्परा देखिको धर्म अवलम्वन गर्ने धार्मिक स्वतन्त्रताको सम्मान गर्नु पर्नेछ । तर, आफ्नो क्षेत्रभित्र कसैको धर्म परिवर्तन गर्ने गराउने कुनै पनि क्रियाकलाप हुन दिनुहुँदैन ।

(छ) कुनै विदेशी नागरिक वा संस्थाले नेपालको सभ्यता, नेपाली जनताबीचको सदभाव बिगार्ने वा भडकाउने काम गरेको वा गर्न लागेको जानकारी भएमा तत्काल सम्बन्धित निकायमा सूचित गर्नु पर्नेछ ।

६. कार्यजिम्मेवारी प्रदान गर्दा भेदभाव गर्न नहुने :

पदाधिकारीहरुबीच महिला वा पुरुष, मनोनित वा निर्वाचित, जातजाति वा राजनीतिक आस्थाका आधारमा जिम्मेवारीको बाँडफाँड वा अधिकार वा सुबिधाको प्रयोग वा अन्य कुनै पनि नाममा भेदभाव गर्नु हुँदैन । तर महिला लगायत पिछडिएका वर्गहरुलाई बिशेष जिम्मेवारी र अवसर दिनका लागि उल्लेखित प्रावधानले रोक लगाएको मानिने छैन ।

७. कसैको स्वाभिमान र अस्तित्वमा आँच आउने व्यवहार गर्न नहुने,

क) जनप्रतिनिधि/पदाधिकारी तथा कर्मचारीहरुले सबैसंग शिष्ट र मर्यादित शब्दको प्रयोग गर्नुको साथै हार्दिक, नम्र र आदरपूर्वक व्यवहार गर्नुपर्नेछ ।

ख) पदाधिकारीहरुले कार्यपालिकाका अन्य सदस्यहरु, नगर सभाका सदस्यहरु, **नगरपालिका**मा कार्यरत कर्मचारीहरु प्रति सम्मानजनक ब्यवहार गर्ने, एक अर्काप्रति झुटा लाञ्छना नलगाउने, रिस राग द्वेष नराख्ने, शिष्ट भाषाको प्रयोग गर्नु पर्ने तथा एकअर्काको बिषयमा अनावश्यक टिकाटिप्पणी गर्नु वा अतिसयोक्तिपूर्ण अभिव्यक्ति दिनु हुँदैन ।

ग) जनप्रतिनिधिहरुले कुनै जनप्रतिनिधि, पदाधिकारी वा कर्मचारीलाई **नगरपालिका**का बैठकमा कानूनमा तोकिएको तवरले कुनै कुरा वोल्नबाट रोक्नु वा सोको लागि दवाव वा निर्देशन दिनु वा दिन लगाउनु हुँदैन ।

घ) पदाधिकारीहरुले संस्थागतरुपमा कुनै धारणा व्यक्त गर्दा **नगरपालिका**, यसका निर्णयहरु, जनप्रतिनिधि/पदाधिकारीहरु तथा कर्मचारीहरुप्रति अनादर जनाउने भाषा वा अभिव्यक्ति दिनु वा दिन लगाउनु हुदैन ।

ङ) पदाधिकारी तथा कर्मचारीहरुले एक अर्काको काम, पेशागत मर्यादा र कार्यगत स्वायत्तताको सम्मान गर्नु पर्नेछ ।

च) जनप्रतिनिधि/पदाधिकारीहरु तथा कर्मचारीहरुले एकअर्काको व्यक्तिगतरुपमा टिका टिप्पणी गर्नु हुँदैन ।

छ) पदाधिकारीको कामसँग सम्बन्धित विषयमा देखापरेका प्रवृत्ति वा मुद्धाका बिषयमा स्वस्थ रुपमा एक अर्काका कमि कमजोरी तथा सवल पक्षहरुलाई औंल्याउनु पर्नेछ ।

ज) जनप्रतिनिधि/पदाधिकारीहरु तथा कर्मचारीहरुले एक अर्काका बिषयमा सकारात्मक तवरले छलफल गर्ने, सुझाव दिने, आलोचना तथा टिप्पणीहरु राख्नुपर्नेछ र एक अर्कालाई पदीय काम गर्नमा सहयोग, उत्साह र प्रेरणा प्रदान गर्नुपर्नेछ ।

८. विद्यमान सामाजिक मान्यता विरुद्धका आचारहरु गर्न नहुने,

क) कार्यालय समय वा पदीय दायित्वको काम गर्दा मादक वा लागु पदार्थको सेवन गर्नु हुँदैन र तोकिएको स्थान वाहेक कार्यालय हाता भित्र तथा सार्वजनिक सभा, समारोह, बैठक, आदि स्थलहरुमा धुम्रपान, मध्यपान गर्नु हुँदैन ।

ख) अन्धविश्वास, अपसंस्कृति, रुढीवादी जस्ता पुरातन एवं अबैज्ञानिक मान्यता तथा चालचलन र परम्पराका विरुद्धको सामाजिक रुपान्तरण प्रकृयामा सक्रिय सहभागिता जनाउनु पर्दछ ।

ग) जनप्रतिनिधि/पदाधिकारीहरु तथा कर्मचारीहरुले सार्वजनिक स्थल तथा खुला ठाऊँमा जुवा, तास, बाजि लगाउने, आदि जस्ता कार्य एवं व्यवहारहरु गर्नु हुँदैन ।

घ) जनप्रतिनिधि/पदाधिकारीहरु तथा कर्मचारीहरुले कानूनतः मानव अधिकारको हनन ठहरिने, कानूनले वन्देज लगाएका तथा **चाँगुनारायण नगरपालिका**को नगर सभा एवं कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सामाजिक मर्यादा विपरितका भनि तोकेका विभिन्न जातजाति तथा समुदायमा प्रचलित कुरितिहरुले बढावा पाउने व्यवहार गर्नु हुदैन ।

ङ) विभिन्न जातजाति वा धर्म सम्प्रदायका प्रचलित सामाजिक संस्कारहरु जस्तै, विवाह, ब्रतबन्ध, पास्नी, जन्मोत्सव, भोज, आदिमा समूदायमा गलत प्रतिस्पर्धाको भावना ल्याउने खालका तडक भडक गर्नु हुँदैन ।

च) मध्यस्थकर्ताको हैसियतबाट कुनै निर्णय गर्दा राजनितिक, सामाजिक, आर्थिक वा कुनै पनि आधारमा तेरो मेरो भन्ने पक्ष नलिई तटस्थ भूमिका निर्वाह गर्नुपर्दछ ।

छ) लिङ्ग, उमेर, भाषा, धर्म, आर्थिक अवस्था आदिका आधारमा भेदभाव जनाउने गरी अरुको सामाजिक संस्कार वा वर्गिय हकहितका बिषयहरुमा नकारात्मक टिप्पणी गर्नु र्हुदैन ।

(ज) पदाधिकारीले आफ्नो क्षेत्रभित्र विद्यमान सामाजिक कुरिति तथा कुसंस्कारका रुपमा रहेका वालविवाह, वहुविवाह, लैंगिक हिंसा, छाउपडी, बोक्सा बोक्सी, दाइजो, छुवाछुत, जातिगत उचनीचता, व्यक्तिगत घटना दर्ता नगर्ने प्रबृति, खोप नलगाउने अवस्था, खुला दिशा आदिजस्ता प्रथा प्रचलनलाई निर्मूल गर्न लागि पर्नु पर्नेछ ।

९. **नगरपालिका**बाट प्रदान गर्ने सेवा सुविधा, निर्णय,प्रकृया र सुचनामा जनताको पहुच बढाउन,

क) **नगरपालिका**का पदाधिकारीहरुले आफूले प्रतिनिधित्व गरेका संस्थामा भएका निर्णयहरुको जानकारी **नगरपालिका**लाई दिनु पर्नेछ ।

ख) सार्वजनिक भेटघाट तथा छलफलका कार्यविधि व्यवस्थित गर्दा सबैको लागि समानरुपमा लागू हुने प्रष्ट नियमहरु वनाई कार्यालयमा सार्वजनिक गर्नुपर्नेछ र सोही अनुकुलको व्यवहार गरे नगरेको उपर सार्वजनिक सुनुवाईलाई स्वीकार गर्नुपर्नेछ ।

ग) जन प्रतिनिधीहरुले निर्वाचनका वखत व्यक्त प्रतिबद्धताको कार्यान्वयनमा निरन्तर लागिरहने र सो अनुसारको प्रगतिको सूचना समय समयमा जनतालाई दिनु पर्नेछ । तर प्रचलित ऐन, कानून तथा आचारसंहितामा उल्लेख भएको तरिकाले बाहेक कुनै पदाधिकारी, व्यक्ति वा समूहलाई आर्थिक कारोवारमा लाभ वा हानी पुग्ने वा कसैको सम्पति वा जिउ–ज्यानमा हानी नोक्सानी पुग्ने सूचनाहरु प्रसारण वा सार्वजनिक गर्नु वा गराउनु हुदैन । साथै कार्यालयसँग सम्बन्धित शान्ति सुरक्षा, **नगरपालिका**को स्वायत्तता, समुदायहरुको आपसि सम्बन्धमा खलल पर्ने खाले सूचनाहरु सार्वजनिक गर्नु वा गराउनु हुदैन ।

(घ) प्रत्येक नागरिकलाई सरोकार हुने सेवा सुविधा र निर्णयबारे सूचना माग भएमा उपलब्ध गराउनु पर्ने छ । तर प्रचलित कानुन तथा आचारसंहितामा उल्लेख भएको तरिकाले बाहेक कुनै पदाधिकारी, व्यक्ति वा समूहलाई आर्थिक कारोवारमा लाभ वा हानी पुग्ने वा कसैको सम्पति वा जीउ–ज्यानमा हानी नोक्सानी पुग्ने सूचनाहरु र गोप्य राख्नु पर्ने कुरा प्रसारण वा सार्वजनिक गर्नु वा गराउनु वा उपलब्ध गराउनु हुदैन् ।

(ङ) शान्ति सुरक्षा, राष्ट्रिय अखण्डता, समुदायहरुको सौहार्द सम्बन्धमा खलल पर्ने खाले सूचनाहरु सार्वजनिक गर्नु वा गराउनु हुदैन् ।

१०. अनाधिकृत काम गर्न गराउन नहुने :

पदाधिकारीहरुबाट आफुलाई प्राप्त अख्तियारीको कार्यान्वयन गर्दा देहायमा उल्लेखित आचरणहरु गर्नु गराउनु हुदैन ।

(क) प्रचलित कानून बमोजिम आफूलाई प्राप्त तजविजी अधिकारको प्रयोग गर्दा वदनियत वा स्वेच्छाचारीरुपमा गर्नु वा गराउनु हुँदैन । यस्तो अधिकारको प्रयोग व्यापक छलफल र सहभागितामूलकरुपमा मात्र गर्नु पर्नेछ ।

(ख) प्रचलित कानून बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग जे कामका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि गर्नुपर्छ र अन्य उद्देश्य वा कार्यका लागि सो अख्तियारीको प्रयोग गर्नु वा गराउनु हुँदैन ।

(ग) आफू वा अन्य कुनै व्यक्ति वा संस्थाबाट अन्य पदाधिकारी वा कार्यालय, संघसंस्था वा कर्मचारी वा व्यक्तिलाई अनधिकृत काम गराउनु हुँदैन ।

११. लैङ्गिक समानतामा आंच आउने व्यवहार गर्न नहुने :

(क) जनप्रतिनिधि/पदाधिकारी एवं कर्मचारीहरुले फरक लिङ्गका जनप्रतिनिधि वा कर्मचारी वा सेवाग्राही प्रति अस्वस्थ आलोचना गर्ने, जिस्क्याउने तथा उनीहरुको मनोवल घटाउने खालका अभिव्यक्ति दिने, दिन लगाउने वा कुनै पनि माध्यमवाट कुनै यौनजन्य अस्लिल तस्विरहरु प्रकाशित गर्ने धम्की दिने, प्रकाशित गर्ने, प्रदर्शन गर्ने, अनुचित लाभका दृष्टिले काममा अल्झाउने जस्ता हैरानी पार्ने व्यवहारहरु गर्नु वा गराउनु हुदैन् ।

(ख) जनप्रतिनिधि/पदाधिकारी एवं कर्मचारीहरुले लेखेर, बोलेर, भाषण गरेर वा जुनसुकै माध्यमबाट पनि महिला तथा पुरुषका बीचमा भेदभाव जनाउने थेगो वा शब्दहरुको प्रयोग र सो अनुसारको व्यवहार गर्नु गराउनु हुँदैन ।

(ग) लैङ्गिक तथा उमेरका आधारमा भएका घरेलु हिंसा र भेदभावका घटनाहरुलाई सार्वजनिक गर्नु पर्नेछ ।

(घ) आफ्नो परिवारमा बालश्रमिक राख्नु हुँदैन र समुदायमा बालश्रम वा बाल शोषणका घटनाहरु घटेमा त्यस्ता घटनालाई जानकारीमा आउनासाथ सार्वजनिक गर्नु गराउनु पर्नेछ र सो घटनाको उपचारमा लाग्नु पर्नेछ ।

१२) सार्वजनिक सम्पतिको प्रयोग तथा सुविधा सम्बन्धमा :

(क) पदाधिकारीले आफू वा अन्य कुनै जनप्रतिनिधि वा कर्मचारीको सुविधाका लागि छुट्याईएको सेवा वा सुविधा वा भत्ता **नगरपालिका**को आन्तरिक श्रोतको कुल अंकको कति अंश हुन आउंछ भन्ने कुरा सम्बन्धित समितिमा छलफल गराउनुपर्नेछ ।

(ख) पदाधिकारीहरुले कानून बमोजिम तथा कार्यालय काममा वाहेक सरकारी सम्पतिहरु (जस्तै, मानव संसाधन, आर्थिक साधन श्रोत, भौतिक साधन श्रोत जस्तै, सवारी साधन, कार्यालयका औजारहरु, टेलिफोन तथा आवास) को आफू वा अन्य कुनै व्यक्तिबाट प्रयोग वा उपयोग गर्नु वा गराउनु हुदैन ।

(ग) आफ्नो पदको दुरुपयोग गरेर कुनै समिति, संस्था वा व्यक्तिहरुबाट निजि सेवा तथा सुविधाहरु लिनु वा लिन लगाउनु हुदैन ।

(घ) **नगरपालिका**को सेवा प्राप्त गरे वा सार्वजनिक सम्पतिको प्रयोग गरेवापत जनप्रतिनिधि, पदाधिकारी, कर्मचारी वा अन्य कुनै व्यक्ति वा संस्थाले कानून बमोजिम तिर्नु बुझाउनु पर्ने कर, शुल्क, सेवादस्तुर, भाडा बुझाउनबाट छुट लिनेदिने गरी निर्णय गर्नु वा गराउनु हुँदैन ।

१३) नीति निर्माण, योजना तर्जुमा र निर्णय गर्दा पालन गर्नुपर्ने आचारहरुका सम्बन्धमा

(१) **नगरपालिका**का जनप्रतिनिधि/पदाधिकारी एवं कर्मचारीहरुले कुनै निर्णयमा संलग्न हुनुपूर्व देहायमा उल्लेखित बिवरणहरु बैठकको अध्यक्षता गर्ने व्यक्तिबाट हुने रुलिङ्ग अनुसार **नगरपालिका**का सम्वन्धित बैठकमा प्रस्तुत गर्नुपर्नेछ ।

(२) निर्णय प्रकृयामा भाग लिनुपूर्व बैठकमा जानकारी दिनु पर्ने छ ।

(३) जनप्रतिनिधि/पदाधिकारी एवं कर्मचारीहरुले आफू समेत संलग्न भई नीति निर्माण वा निर्णय गर्नुपर्ने **नगरपालिका**का बैठकहरुमा छलफलमा भाग लिनुपूर्व सम्बन्धित नगर सभा, समिति, उपसमिति, कार्यदल, आयोग समक्ष देहाएमा उल्लेखित सूचनाहरु दिनुपर्नेछ :

(क) भर्ना प्रकृया, खरिद बिक्री वा ठेक्का पट्टाको निर्णय प्रकृया, कुनै किसमको दण्ड जरिवाना वा मिनाहा गर्ने निर्णय प्रकृया, कुनै पक्षसंगको सम्झौताको म्याद थप वा खारेजिका बिषयमा वा त्यस्तै कुनै निर्णय गर्नुपर्ने विषयसँग सम्बन्धित व्यक्तिसँग आफ्नो कुनै स्वार्थ वा रिसइवि वा लेनदेन वा अन्य कुनै प्रकारको नाता, सम्वन्ध रहेको कुरा,

ख) **नगरपालिका**को नीति निर्णयबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुने व्यक्ति, संस्था, पक्ष वा कम्पनिसँग लिनुदिनु भए सोको बिवरणहरु,

ग) जनप्रतिनिधिको कुनै पेशा वा व्यवशायी संघसंस्थामा आफ्नो प्रतिनिधित्व, लगानी, शेयर, हित वा स्वार्थ निहित भए सोको बिवरण र त्यस्तो काममा लगाउने संस्था सम्बन्धी बिबरणहरु,

उल्लेखित पक्षहरु तथा बिषयमा निर्णय गर्दा यदि कुनै पदाधिकारीको सो पक्ष वा बिषयसंग सम्बन्ध रहेछ भने बैठकको अध्यक्षले त्यस्तो पदाधिकारीलाई बैठकको निर्णय प्रकृयामा तटस्थ रहनका लागि निर्देश गर्नुपर्नेछ ।

(४) सहभागितामूलक तथा पारदर्शिरुपमा नीति निर्माण र निर्णय गर्नुपर्ने :

**नगरपालिका** बाट कुनैपनि नीति निर्माण, निर्णय वा योजना तर्जुमा, कार्यान्वयन तथा मूल्यांकन गर्दा देहायमा उल्लेखित आचारहरुको पालन गर्नु गराउनुपर्नेछ ।

(क) जनप्रतिनिधि तथा पदाधिकारीहरुले योजनाको छनौट, प्राथमिकिकरण, कार्यान्वयन, अनुगमन, मूल्यांकनका विषयहरुमा लाभग्राही, उपभोक्ता तथा सरोकारवालाहरुको व्यापक सहभागिता र प्रतिनिधित्व गराएर मात्र निर्णय दिनुपर्नेछ ।

(ख) **नगरपालिका**बाट निर्णय दिनुपर्ने विवादित विषयहरु, नियुक्ति वा सेवा सुविधा दिने वा लिने विषयका कुराहरु सहभागितामूलक तथा पारदर्शिरुपमा गर्नुपर्नेछ ।

१४. पुरस्कार, उपहार, दान, चन्दा वा निजी सेवा, सुविधा र लाभ ग्रहण गर्ने सम्बन्धमा :

(क) **नगरपालिका**का जनप्रतिनिधि/पदाधिकारी तथा कर्मचारीहरुले कानून बमोजिम आफ्नो कर्तव्य निर्वाह गर्ने सिलसिलामा कसैबाट कुनै प्रकारको नगद वा सेवा सुविधाको रुपमा उपहार, पुरस्कार, चन्दा, दान, वकस लिनु हुदैन । त्यस्तो सेवा सुविधा दिनका लागि वाध्य पार्ने कुनैपनि काम, व्यवहार गर्नु वा गराउनु समेत हुँदैन् ।

(ख) **नगरपालिका**संग कुनै खास विषयमा स्वार्थ निहित भएको वा सम्भाव्य स्वार्थ तथा जोखिम समावेश भएको कुनै पनि व्यक्तिबाट कुनै प्रकारको मैत्री ब्यवहारहरु र आमन्त्रण जस्तै, भोजभतेर, खानपिन, मनोरञ्जन, वसोवास सुविधा, भाडा सुविधा, आदि लिनु वा दिनु हुँदैन् ।

(ग) **नगरपालिका**का पदाधिकारीहरुले कार्यसमितिमा जानकारी नदिई कुनै पनि व्यक्ति, संस्था वा निकायबाट कुनैपनि दानवकस, चन्दा, उपहार स्वीकार गर्नु हुँदैन् ।

१५. जनप्रतिनिधी/पदाधिकारी र कर्मचारीको क्षमता अभिवृद्धि तथा अवसर सम्बन्धमा :

(क) **नगरपालिका**का जनप्रतिनिधी/पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका अवसरहरु समानरुपमा सबैको लागि प्रयोग गर्न गराउनका लागि पहल गर्नु पर्नेछ ।

(ख) क्षमता तथा वृति विकासका अवसरहरु प्रदान गर्दा महिला र अवसर नपाएका पदाधिकारी वा कर्मचारीहरुलाई उचित अवसर र प्राथमिकता प्रदान गर्नुपर्नेछ ।

## भाग – ३

## प्रचलित कानुन बमोजिम पालन गर्नुपर्ने आचारहरु

१६. स्थानीय सरकार संञ्चालन ऐनको प्रभावकारी कार्यान्वयन सम्बन्धमा :

(१) **नगरपालिका**का जनप्रतिनिधि, पदाधिकारी तथा कर्मचारीहरुले नेपालको संविधान, प्रचलित संघिय तथा प्रदेस कानुन, अदालतको निर्ण वा आदेश, स्थानीय सरकार संञ्चालन ऐन कानूनको तत्परतापुर्वक प्रभावकारी कार्यान्यवन गरिनेछ ।

(२) **नगरपालिका**का पदाधिकारीहरुले स्थानीय सरकार संञ्चालन ऐन नियम अनुसारका देहायमा उल्लेखित जनचासोका बिबरणहरु तयार गरी आम जनताले सजिलै हेर्न सक्ने गरी राख्नुपर्नेछ,

(क) प्रचलित कानून बमोजिम पदाधिकारीहरुको सम्पत्ति बिबरण

(ख) प्रचलित कानून बमोजिम बेरुजु तथा पेश्की फछ्र्यौट बिबरण

(ग) नगर सभा वा कार्यपालिका (बोर्ड) ले सार्वजनिक गर्न भनी तोकेका अन्य विवरणहरुः

१७. अख्तियार दुरुपयोग तथा भ्रष्टाचार निवारण कानूनको कार्यान्वयनमा सहयोग पुऱ्याउनुपर्ने :

(१) **नगरपालिका**का जनप्रतिनिधी/पदाधिकारी तथा कर्मचारीहरुले प्रचलित कानून बमोजिम भ्रष्टाचार वा अख्तियारको दुरुपयोग गरेको ठहरिने आचारहरु गर्नु वा गराउनु हुदैन् ।

(२) **नगरपालिका**का जनप्रतिनिधी/पदाधिकारी तथा कर्मचारीहरुबाट प्रचलित कानून बमोजिम अख्तियारको दुरुपयोग ठहरिने कुनै काम वा व्यवहार भएमा सम्बन्धित निकायमा जानकारी दिनुपर्नेछ र सम्बन्धित निकायबाट हुने छानविन तथा जाँचवुझमा सकृय रुपमा सहयोग गर्नुपर्नेछ, तेस्तो सुचना लुकाउन र लुकाउन सहयोग गर्नु हुदैन ।

(३) भ्रष्टाचार वाट आर्जित संम्पत्ती राख्ने, लुकाउने तथा प्रयोग गर्ने गराउने जस्ता कार्यलाई निरुत्सिाहित गरिनेछ ,भ्रस्टाचार वाट आर्जित सम्पत्तीको खोजतलास, रोक्का, नियन्त्रण, स्थानान्तरण, जफत एवं फिर्ता सम्वन्धी कार्यमा सहयोग गर्नु पर्दछ ।

१८. निर्वाचन आचारसंहिताको पालन गर्नुपर्ने :

(१) **नगरपालिका**का जनप्रतिनिधी/पदाधिकारी तथा कर्मचारीहरुले निर्वाचनका बखत पालन गर्नुपर्ने आचारहरु निर्वाचन आयोगले तोके बमोजिम पालना गर्नुपर्नेछ ।

(२) निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन तथा पालन गर्न गराउन **नगरपालिका**का जनप्रतिनिधी/पदाधिकारी तथा कर्मचारीहरुले सहयोग गर्नुपर्नेछ ।

(३) **नगरपालिका**का जनप्रतिनिधी/पदाधिकारी तथा कर्मचारीहरुले आफ्नो ओहदाको आधारमा प्राप्त सुविधाहरु निर्वाचन प्रचार प्रसार वा सोसँग सम्बन्धित प्रयोजनका लागि आफू वा अरु कसैबाट प्रयोग गर्न वा प्रयोग गर्नका लागि दिनु हुँदैन ।

(४) निर्वाचन प्रयोजनकालागि यस्तो सुविधा दिन वा लिनका लागि **नगरपालिका**बाट संस्थागत रुपमा कुनै निर्णय गर्नु वा गराउनु समेत हुदैन ।

१९. कर्मचारीहरुको आचारसंहिताको सम्बन्धमा :

(१) माथि उल्लेख गरिएको अतिरिक्त देहायका आचरणको पालना गर्नु गराउनु **नगरपालिका**का कर्मचारीहरुको कर्तव्य हुने छ ।

क) **नगरपालिका**को काममा कुनै प्रकारले असर पर्न सक्ने गरी एवं नगरपालिकाको पुर्व स्वीकृती विना कसैबाट कुनै प्रकारको दान, दातव्य, कोशेली, उपहार आफूले स्वीकार गर्नु र आफ्नो परिवारको कुनै सदस्यलाई स्वीकार गर्नु दिनु हुदैन । विदेशी सरकार वा प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा **नगरपालिका**मा सो कुराको सूचना दिई निर्णय भए वमोजिम गर्नु पर्नेछ ।

ख) **नगरपालिका**को पूर्व स्वीकृति बिना कुनै कामको निमित्त कुनै किसिमको चन्दा माग्न वा त्यस्तो चन्दा स्वीकार गर्न वा कुनै किसिमको आर्थिक सहायता लिनु हुदैन ।

ग) आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यका नाममा कुनै अचल सम्पत्ति प्राप्त गरेमा लागेको मोल समेतको जानकारी सचिव मार्फत नगरपालिकामा पेश गर्नु पर्नेछ ।

घ) हाल वहाल रहेका **नगरपालिका**को कर्मचारीले यी नियमहरु लागू भएको तीन महिना भित्र तथा नया भर्ना हुने कर्मचारीले आफू नियुक्ति भएको मितिले १ महिना भित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा भएको चल अचल सम्पत्ति, सेयर, बैंक बैलेन्सको विवरण, गरगहना, सुन, चादीको विवरण सचिव मार्फत नगरपालिकामा पेश गर्न पर्ने छ ।

ङ) **नगरपालिका**को लागि गरिने कुनै पनि कामको ठेक्का, टेण्डर, वोलपत्र आफै वा आफ्नो परिवारको कुनै सदस्यको नाममा लिनु हुदैन ।

च) **नगरपालिका**को काम संग सम्बन्ध भएको कुनै व्यक्तिसंग सापटी लिन वा निजको आर्थिक कृतज्ञतामा पर्न हुदैन । तर बैंकसंग लेनदेन गर्दा यो नियम लागु हुने छैन

छ) कुनै किसिमको फाटका खेल्ने वा जूवा, तास, बाजी लगाउने जस्ता कार्य गर्नू हुदैन

ज) **नगरपालिका**को पुर्व स्वीकृत बिना कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेसन वा संचालनको काममा भाग लिन हुदैन ।

(झ) **नगरपालिका**बाट अख्तियार नपाई आफुले लेखेको वा प्राप्त गरेको कुनै कागजपत्र वा सूचनालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अनधिकृत कर्मचारी वा गैर सरकारी व्यक्ति वा प्रेसलाई सूचना गर्न हुदैन ।

(ञ) नेपालको संघिय तथा प्रादेशिक सरकार वा **नगरपालिका**को काम कारवाहीमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पत्रपत्रिकामा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, रेडियो वा टेलिभिजनद्धारा प्रसारण गर्न हुदैन ।

ट. नेपालको संघिय तथा प्रादेशिक सरकार वा **नगरपालिका**को नीतिको विरोधमा सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुदैन ।

ठ. **नगरपालिका**बाट निर्धारीत समयमा नियमित रुपले आफ्नो कार्यलयमा हाजिर हुनु पर्छ र विदाको स्विकृती नलिई आफ्नो काममा अनुपस्थित हुन हुदैन ।

ड. कार्यालयको गोप्यता भंग गर्नु हुदैन

ढ. **नगरपालिका**को काम सम्बन्धि कुरामा आफू भन्दा माथिका अधिकृतले दिएको आदेश, आज्ञालाई सिघ्रता र परिश्रमको साथ पुरा गर्नु पर्छ ।

ण. **नगरपालिका**को कर्मचारीले आफू भन्दा माथिका सबै पदाधिकारी तथा कर्मचारी प्रति उचित आदर देखाउनु पर्छ ।

त. आफ्नो नोकरी सम्बन्धि कुरामा मतलव साध्य गर्न आफू भन्दा माथिका पदाधिकारी तथा कर्मचारी माथि कुनै राजनैतिक वा अरु अवान्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न हुदैन ।

थ. **नगरपालिका**को कुनै कर्मचारीले मुलुकी ऐन विहावारीको महलको विपरित हुने गरी विवाह गर्न/गराउन हुदैन ।

द. कुनै पनि राजनैतिक पदको निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा कुनै प्रकारले आफ्नो प्रभाव पार्न हुदैन ।

तर, प्रचलित कानून वमाजिम पाएको मतदानको अधिकार प्रयोग गर्न यसले वन्देज लगाएको मानिने छैन ।

ध. आफ्नो जिम्मामा रहेको आफूले वुझाउनु पर्ने नगद, जिन्सी, सरसामान, कागज जे जति छ सवै म्याद भित्र सम्वन्धितलाई बुझाईदिनु पर्छ र बुझ्नु पर्नेले पनि म्याद भित्र बुझि लिनु पर्ने छ ।

न. **नगरपालिका**मा कार्यरत कर्मचारीहरुले अरुप्रति सम्मानजनक ब्यवहार गर्ने, एकअर्काप्रति झुटा लाञ्छना नलगाउने, रिस राग द्वेष नराख्ने, शिष्ट भाषाको प्रयोग गर्नु पर्ने तथा एकअर्काको बिषयमा अनावश्यक टिकाटिप्पणी गर्नु वा अतिसयोक्तिपूर्ण अभिव्यक्ति दिनु हुँदैन ।

प. कार्यालय समय वा पदीय काम गर्दा मादक वा लागु पदार्थको सेवन गर्नु हुँदैन र तोकिएको स्थान वाहेक कार्यालय हाता भित्र तथा सार्वजनिक सभा, समारोह, बैठक, आदि स्थलहरुमा धुम्रपान/मध्यपान तथा लागु पदार्थको प्रयोग गर्नु हुँदैन ।

फ. कर्मचारीले आफ्नो सेवलाई मर्यादित वनाउन सधै सकारात्मक रहनु पर्दछ ।

ब. सेवा प्रवाह गर्दा **नगरपालिका**ले जारी गरेको नागरिक वडापत्र अनुरुप कार्य सम्पादन गर्नुपर्छ । सेवा प्रवाहका सिलसिलामा प्रक्रियागत जटिलता नदेखाई सरल कार्यसैली अपनाउन सचेत रहनु पर्दछ ।

भ. प्रचलित कानून बमोजिम आफूलाई प्राप्त तजविजी अधिकारको प्रयोग गर्दा वदनियत वा स्वेच्छाचारीरुपमा गर्नु वा गराउनु हुँदैन ।

म. प्रचलित कानून बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग जे कामका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि गर्नुपर्छ र अन्य उद्देश्य वा कार्यकालागि सो अख्तियारीको प्रयोग गर्नु वा गराउनु हुँदैन ।

(२) **नगरपालिका**मा कार्यरत कर्मचारीहरुले यो आचारसंहिताको पालन गर्न गराउन आवश्यक सहयोग गर्नुपर्नेछ ।

(३) **नगरपालिका**मा कार्यरत कर्मचारीहरुले प्रचलित कानून बमोजिम निजले पालन गर्नुपर्ने आचारहरु पुरा गरे नगरेको बिषयमा यस आचारसंहिता अनुसार गठित अनुगमन समितिले जाँचबुझ तथा छानविन गर्न सक्नेछ । त्यस्तो जाँचवुझ तथा छानविनको विवरण **नगरपालिका**ले राख्नुपर्नेछ । यसरी राखेको बिवरण सम्बन्धित निकायमा विभागीय कार्वाहीका लागि पठाउनु पर्नेछ ।

## भाग – ४

## आचारसंहिताको कार्यान्वयनमा संस्थागत पहल तथा सहयोग

२०. संस्थागत पहल र सहयोग सम्बन्धमा :

यस आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि संस्थागतरुपमा कार्यान्वयन गर्नु र सहयोग पुऱ्याउनु **नगरपालिका** को जिम्मेवारी हुनेछ। नगरपालिकाका संस्थागत आचारहरु देहायमा उल्लेख भए बमोजिम हुनेछन् ।

(१) सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन सम्बन्धी नीति बनाई लागु गर्नुपर्ने :

(क) योजना तर्जुमा तथा कार्यक्रमको वितरण वा विकास गतिविधि संचालन गर्दा विभिन्न आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौगोलिक आधारमा रहेका समुदायहरुबीच उचित संतुलन सुनिश्चित गर्ने मापदण्ड, प्रकृया तथा पद्धतिको विकास गर्नुपर्नेछ। **नगरपालिका**बाट प्रदान गरिने सेवा वा सुविधामा समान अवसर वा समन्यायिक आधारमा अवसरहरु प्रदान गरिने नीति बनाई लागु गर्नु पर्नेछ।

(ख) जनतालाई सेवा प्रदान गर्ने कार्य तथा यस आचारसंहिताको कार्यान्वयनमा नागरिक समाज तथा नीजि क्षेत्रलाई प्रेरित तथा प्रोत्साहित गर्नुपर्नेछ र यस्ता विषयमा निर्णय गर्दा सम्बन्धित क्षेत्रका प्रतिनिधिहरुको व्यापक सहभागितामा निर्णय गर्ने व्यवस्था गर्नुपर्नेछ।

(ग) योजना बमोजिम **नगरपालिका**बाट भएका खर्चहरु, खर्चको सीमा, प्राप्त नतिजा (उपलब्धी) को बिबरण र सो सम्बन्धमा भएका नीतिगत व्यवस्थाहरु तथा शर्तहरुको सबै पदाधिकारी तथा कर्मचारीबाट पूरा पालन भएको छ भन्ने विश्वास पर्ने सूचनाहरु बेलाबेलामा सबैको जानकारीका लागि प्रस्तुत गर्नुपर्नेछ।

(२) **नगरपालिका**का साधन श्रोतको प्रयोग सम्बन्धी नीति बनाई लागु गर्नुपर्ने :

**नगरपालिका**का साधन श्रोतको न्यायोचित, प्रभावकारी र कुशल प्रयोग गर्ने वा हुने संयन्त्र तथा पारदर्शी कार्यपद्धतिको विकासका लागि नीति बनाई लागु गर्नुपर्नेछ।

(३) **नगरपालिका**को मानव संशाधन विकास सम्बन्धी नीति बनाई लागु गर्नुपर्ने :

**नगरपालिका**का जनप्रतिनिधि पदाधिकारीहरु तथा कर्मचारीहरु लाई कामको बाँडफाँड गर्दा वा जिम्मेवारी प्रदान गर्दा विषयगत दक्षता र सीप समेतलाई उचित अवसर दिने गरी अन्य मापदण्डहरु बनाई लागु गर्नुपर्नेछ।

(४) पिछडिएका वर्ग तथा समूदायको शासनमा मूलप्रवाहिकरण सम्बन्धी नीति बनाई लागु गर्नुपर्ने :

**नगरपालिका**बाट रोजगारी तथा अन्य अवसरहरु प्रदान गर्ने सम्बन्धमा सामाजिक, आर्थिक, लैङ्गिक रुपले पिछडिएका वर्ग जातजाति वा धर्म समुदायका व्यक्तिहरुलाई प्राथमिकता दिने नीति निर्धारण गर्नुपर्नेछ।

(५) **नगरपालिका**संग सम्बन्धित सूचनाहरुमा जनताको पहुँच बढाउन आवश्यक व्यवस्था गर्नुपर्ने :

**नगरपालिका**बाट प्रदान गरिने सेवालाई जनमुखि, भरपर्दो, गुणस्तरीय बनाई सेवामा जनताको सहज पहुँचलाई वढाउन तथा आफ्ना कामकाजलाई पारदर्शी र जनउत्तरदायीरुपमा गर्न गराउनका लागि आवश्यक प्रवन्ध गर्नु **नगरपालिका**का पदाधिकारीहरुको सामूहिक कर्तव्य हुनेछ।

(२१) आचारसंहिताको कार्यान्वयन तथा सार्वजनिकीकरणका लागि आवश्यक व्यवस्था गर्नुपर्ने :

**नगरपालिका**ले यस आचारसंहिताको कार्यान्वयन तथा सार्वजनिकीकरणका लागि देहायमा उल्लेखित व्यवस्थाहरु गर्नुपर्नेछ ,

(क) अनुगमन समितिलाई सहयोग पुऱ्याउनु पर्ने :

यस आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन समितिलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराउनु पर्नेछ।

(ख) कानूनी राय सल्लाह लिने व्यवस्था गर्ने :

यस आचारसंहिता तथा अन्य ऐन कानून द्धारा आफूलाई प्रदत्त अधिकार वा कर्तव्य पालनका सिलसिलामा कानूनी लगायतका अन्य विषयहरुमा राय, सल्लाह, सुझाव तथा सहयोग माग भएमा सो उपलव्ध गराउन सहयोग गर्नुपर्नेछ।

(२२) नागरिक वडापत्र जारी गर्नुपर्ने :

**नगरपालिका**वाट प्रदान गरिने

सेवा सुविधालाई पारदर्शी तुल्याउन र जनतालाई सेवाको पहुंच सुनिश्चित गर्न नागरिक वडपत्र जारी गर्नुपर्ने छ। नागरिक वडपत्रमा देहायको विवरण समावेश गरी अध्यावधिक गर्दै जानुपर्नेछ।

१) नागरिकहरुले **नगरपालिका**बाट प्राप्त गर्ने सेवा तथा सुबिधाहरुको बिबरण, सोकोलागि पुरा गर्नुपर्ने कार्यविधि र प्रकृया, काम गर्दा लाग्ने समय, शु:ल्क, कामका लागि सम्पर्क राख्नुपर्ने जिम्मेवार व्यक्ति वा पदाधिकारीको बिवरण, आदिसमेत स्पष्टरुपमा उल्लेख गरी नागरिक बडापत्र जारी गरी सम्वन्धित सबैको जानकारीका लागि सबैले देख्ने ठाउँमा टाँस गर्नुपर्नेछ।

(२) **नगरपालिका**ले नागरिक बडापत्रमा उल्लेख भए अनुसार सेवा प्राप्त नभएमा सो उपर छिटो छरितो गुनासो सुनुवाई हुने र छानबिनबाट सेवा ग्राही पक्षलाई कुनै क्षति वा हैरानी व्यहोर्नुपरेको देखिएमा पिडित पक्षलाई उपलव्ध हुने उपचारका बिषयमा प्रभावकारी व्यवस्था गर्नुपर्नेछ।

२३) पव्लिक डे वा नागरिक दिनको कार्यक्रमलाई व्यवस्थित गर्ने :

**नगरपालिका**वाट प्रदान गरिने सेवा सुविधाको सम्वन्धमा प्रत्यक्ष प्रभावित हुने नगरवासीलाई नगरपालिका परिसरभित्र वा अन्य उपयूक्त स्थानमा आमन्त्रण गरी उनीहरुका समस्याहरु समाधान गर्ने सिलसिलामा जिम्मेवार पदाधिकारी र कर्मचारीको प्रत्यक्ष रोहवरमा संगै वसी तत्काल निकास दिन स्वीकृत गरिएको पव्लिक डे वा नागरिक दिन व्यवस्थापन कार्यविधि निर्देशिका वमोजिम पव्लिक डे वा नागरिक दिनको कार्यक्रमलाई व्यवस्थित गर्ने दायित्व र जिम्मेवारी नगरपालिकाको हुने छ।

## भाग – ५

## आचारसंहिताको पालन गर्ने गराउने व्यवस्था

**२४. आचारसंहिता अनुगमन समितिको गठन :** (१) कुनै जनप्रतिनिधि पदाधिकारी वा कर्मचारीले यस नियम तथा अन्य प्रचलित कानून बमोजिम पालन गर्नुपर्ने आचारहरु उलंघन गरे, नगरेको सम्वन्धमा जांचवुझ तथा अनुगमन गर्नका लागि **नगरपालिका**वाट देहायका सदस्यहरु रहेको एक आचारसंहिता अनुगमन समितिको गठन गरिनेछ।

क. नगरपालिकाले प्रमुख र उपप्रमुख वाहेक कार्यपालिका सदस्य मध्येवाट छानेको एक जना — अध्यक्ष

ख. नगरसभाका सदस्यहरु मध्येवाट नगरपालिकाले छानेको एक जना महिला सहित दुई जना — सदस्य

ग. **नगरपालिका**ले तोकेको एक जना अधिकृत कर्मचारी — सचिव

(२) अनुगमन समितिका अध्यक्ष, सदस्य तथा सचिव माथि नै यस आचारसंहिताको उल्लंघनमा उजुरी परी निर्णय गर्नुपर्ने अवस्था भएमा सो बिषयको छलफल, जाँचवुझ तथा निर्णय प्रकृयामा निज सहभागी हुन पाउने छैनन्।

(३) यस आचारसंहिताको संयुक्तरुपमा उल्लंघन गरेको भनी अनुगमन समितिका अध्यक्ष, सदस्यहरु तथा सचिव माथि कुनै उजुर परेकोमा त्यस उपर सम्बन्धित कार्यसमितिले छानविन गरी त्यसपछि बस्ने नगरसभाको बैठकमा पेश गर्नुपर्नेछ।

(४) अनुगमन समितिका सदस्यहरुको पदावधी दुई बर्षको हुनेछ। यस समितिका सदस्यहरु लगातार दुई कार्यकाल भन्दा बढीका लागि निर्वाचित हुन सक्नेछैनन्। तर **नगरपालिका** जनप्रतिनिधीहरुको कार्यकाल समाप्त भएको अवस्थामा यस समितिको पदावधि स्वत: समाप्त भएको मानिनेछ।

२५. अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार :

(१) अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार देहायमा उल्लेख भए अनुसारको हुनेछ,

(क) अनुगमन समितिले कुनै पदाधिकारी/कर्मचारीले आचारसंहिता उलंघन गरे, नगरेको सम्वन्धमा उजुरी परेमा वा जानकारी हुन आएमा सो उपर जाँचबुझ तथा छानविन गर्न सक्नेछ।

(ख) अनुगमन समितिलाई जाँचवुझ तथा छानविनका सिलसिलामा समाव्हान जारी गर्ने र साक्षी प्रमाण बुझ्ने अधिकार हुनेछ।

(ग)  अनुगमन समितिका सदस्यहरुले **नगरपालिक**को सिफारिश तथा आमन्त्रणमा जुनसुकै बैठकमा उपस्थित भई समितिका कामका बिषयमा जानकारी दिन सक्नेछन् ।
(२) अनुगमन समितिको कामको लागि आवश्यक जनशक्ति, काम गर्ने ठाउँ, सामाग्री तथा उचित वातावरण बनाईदिने जिम्मेवारी **नगरपालिका नगर कार्य**पालिकाको हुनेछ ।

**२६. अनुगमन समितिको बैठक तथा कार्यविधि :** (१) अनुगमन समितिको कार्य संचालन विधि देहायमा उल्लेख भए अनुसार हुनेछ,
(क) अनुगमन समितिको बैठक कम्तिमा ३ महिनाको एक पटक, वस्नेछ तर कुनै विषयमा उजुरी परी बैठक वस्नु परेमा आवश्यकता अनुसार बस्नसक्नेछ ।
(ख) अनुगमन समितिको बैठकको निर्णय सम्भव भए सम्म सर्वसम्मतको आधारमा हुनेछ ।
(ग) अनुगमन समितिले कारवाही गर्दा सम्बन्धित पदाधिकारी/कर्मचारीलाई सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ ।
(घ) अनुगमन समितिले जाँचबुझबाट देखिएको बिबरण सहितको राय प्रतिवेदन नगरपालिकाको बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।
(२) अनुगमन समितिको बैठक तथा जाँचबुझ सम्बन्धी अन्य कार्यविधि समिति आफैंले तोक्न सक्नेछ

**२७. अनुगमन समितिका सदस्यहरुको सेवा तथा सुविधा :** अनुगमन समितिका सदस्यहरुको बैठक भत्ता **नगरपालिका**को बोर्ड बैठकका सदस्यले पाएसरह हुनेछ । बैठक भत्ता वाहेक अन्य सुविधा उपलव्ध गराउन सकिने छैन ।

**२८. उजुरी :** (१) कुनै पदाधिकारीले पेशागत आचार उल्लंघन गरेकोमा त्यस विषयमा अनुगमन समिति समक्ष उजुरी दिन सकिनेछ ।
(२) माथि (१) वमोजिम दिइने उजुरीमा कुन पदाधिकारी/कर्मचारीले कुन आचार उल्लंघन गरेको हो सोको आधार प्रमाण खुलाउनु पर्नेछ । **नगरपालिका**ले उजुरी फारामको नमूना वनाई सवैले सजिलै प्राप्त गर्नसक्ने स्थानमा राख्नुपर्नेछ ।
(३) उजुरीको सम्वन्धमा कारवाही माग गर्दा अनुगमन समितिले उजुरवाला संग थप विवरण वा कागजात माग गर्न सक्नेछ ।

**२९. गोप्य राख्नुपर्ने :** (१) अनुगमन समितिले उजुरवालाको नाम गोप्य राख्नु पर्नेछ ।
(२) प्राप्त उजुरीका आधारमा कुनै पदाधिकारी/कर्मचारी माथि लागेको आरोपमाथि छानवीन जारी रहेको अवस्थामा आरोपित पदाधिकारीको नाम समेत गोप्य राख्नु पर्नेछ । तर आरोपका सम्बन्धमा भएको छानवीनको बिबरण उजुरवाला व्यक्तिलाई दिनुपर्नेछ ।

**३०. जांचवुझ :**
उल्लेखित आचारहरुको उल्लंघन गरेको बिषयमा समितिको राय सुझाव वा प्रतिवेदन आवश्यक कार्वाहिका लागि **नगरपालिका**को बोर्ड समक्ष पेश गर्नुपर्नेछ । यसो गर्नुपुर्व अनुगमन समितिले देहायका प्रकृयाहरु पुरा गर्नुपर्छ ।
(१) कुनै जनप्रतिनिधि वा पदाधिकारी वा कर्मचारीका विरुद्ध आचारसंहिता उल्लंघन गरेको कुनै उजुरी परेकोमा वा कुनै जानकारी प्राप्त भएकोमा त्यसको आधारमा अनुगमन समितिले कार्वाही गर्न आवश्यक छ वा छैन भनि जाँचवुझ गर्न वा गराउन सक्नेछ ।
(२) माथि (१) वमोजिम जाँचवुझ गर्दा कुनै जनप्रतिनिधि, पदाधिकारी वा कर्मचारीउपर कारवाही गर्नुपर्ने देखिएमा अनुगमन समितिले त्यस्तो पदाधिकारीलाई सफाई पेश गर्न उचित मौका दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम सफाई पेश गर्ने मौका दिंदा सम्बन्धित जनप्रतिनिधि वा पदाधिकारी वा कर्मचारी विरुद्ध लागेको आरोप र त्यसको आधारहरु प्रष्ट गरी **नगरपालिका**को बोर्ड बैठकमा पेश गर्नुपर्नेछ ।

**३१. अनुगमन समितिको सिफारिश कार्यान्वयन गर्नुपर्ने :**

(१) **नगरपालिका**का जनप्रतिनिधि पदाधिकारी तथा कर्मचारीहरुवाट यस आचारसंहितामा
उल्लेखित कुराहरुको पालन नगरी आचारसंहिताको उल्लंघन गरेको भन्ने अनुगमन समितिको राय सिफारिश रहेकोमा **नगरपालिका**बाट सोको कार्यान्वयन गर्नुपर्नेछ ।

(२) अनुगमन समितिबाट प्राप्त प्रतिवेदनलाई सार्वजनिक गर्नुभन्दा पहिले **चाँगुनारायण नगरपालिका**को बोर्ड बैठकमा छलफलका लागि पेश गर्नुपर्नेछ ।

(३) बोर्ड बैठकको निर्णय **नगरपालिका**को तत्काल पछि बस्ने नगर सभाको बैठकमा जानकारीका लागि प्रस्तुत गर्नुपर्नेछ ।

(३) आचारसंहिताको पालनका बिषयमा **नगरपालिका**को बोर्ड बैठक तथा नगर सभामा छलफल हुँदाका बखत आवश्यक ठानिएमा सम्बन्धित पक्ष, व्यक्ति, निकाय, नागरिक समाज तथा संचार माध्यमका प्रतिनिधीहरुलाई सहभागी गराउन सकिनेछ ।

**३२. आचारसंहिताको उल्लंघनमा सजाय :**

(१) यस आचारसंहिताको कार्यान्वयन गर्दा **नगरपालिका**बाट सजायकोरुपमा देहायमा उल्लेखित एक वा सो भन्दा वढी प्रकृयाहरु अपनाउन सकिनेछ ।

(क) सम्बन्धित पदाधिकारी वा कर्मचारीलाई सचेत गराउने ।

(ख) आलोचना तथा आत्मालोचना गर्न लगाई सोको जानकारी सार्वजनिक गर्न लगाउने ।

(ग) सार्वजनिक सुनुवाइका लागि सार्वजनिक गर्ने, गराउने

(घ) प्रचलित ऐन कानूनको उल्लंघन भएका अवस्थामा सम्बन्धित निकायमा सूचना दिने र आवश्यक कार्बाहीका लागि लेखी पठाउनु पर्ने छ ।

(२) कर्मचारीको हकमा विभागीय कार्बाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्ने छ ।

(३) आरोपित पदाधिारीमाथि भएको कुनै पनि कार्बाहीका बिषयमा निज कुनै राजनीतिक दलसंग आवद्ध भएको हकमा सम्बन्धित राजनितिक  दललाई जानकारी गराउनुपर्ने छ ।

**३३. कार्वाहीको बिबरण सार्वजनिक गर्नुपर्ने :**

आचारसंहिताको कार्यान्वयनमा **नगरपालिका**का जनप्रतिनिधि, पदाधिकारी, तथा कर्मचारी माथि भएको कार्वाहिको बिबरण आमजानकारीका लागि **नगरपालिका**को सूचनापाटी र स्थानीय पत्रपत्रिकामा प्रकाशित गर्नुपर्नेछ । सोको जानकारी राजनीतिक दलहरु, सम्वन्धित मन्त्रालय, निर्वाचन आयोग, स्थानीय प्रशासन तथा स्थानीय निकायका संघ महासंघहरुलाई गराउनुपर्नेछ ।

## भाग – ६
## विविध

**३४. आचारसंहिताको पालन गर्नु सबैको कर्तव्य :हुने :**

(१) यो आचार संहिता जनप्रतिनिधि, पदाधिकारी तथा कर्मचारीको सेवा शर्तको एक भागको रुपमा रहनेछ ।

(२) यो आचार संहिताको पालन गर्नु प्रत्येक जनप्रतिनिधि, पदाधिकारी तथा कर्मचारीको कर्तव्य हुनेछ ।

३५. पदाधिकारी तथा कर्मचारीहरुलाई आचारसंहिताको जानकारी दिनुपर्ने :

**नगरपालिका**को आचारसंहिता जनप्रतिनिधि, पदाधिकारी तथा कर्मचारीहरुलाई अनिवार्य रुपमा जानकारी सहित हस्ताक्षर गराई वुझाउनु पर्नेछ ।

३६. सरोकारवालाहरुलाई आचारसंहिताको जानकारी उपलब्ध गराउनुपर्ने :

**नगरपालिका**का जनप्रतिनिधिहरु/पदाधिकारीहरु/कर्मचारीहरुको आचारसंहिता, समय समयमा आचारसंहितामा भएको संशोधनको बिबरण तथा आचारसंहिताको कार्यान्वयनका बिबरणहरुको जानकारी बार्षिक रुपमा विभिन्न राजनीतिक दलहरु, स्थानीय विकास मन्त्रालय र स्थानीय निकायका संघ महासंघहरुलाई गराउनुपर्नेछ ।

**३७. आचारसंहिताको कार्यान्यनमा राजनीतिक दलको सहयोग :**

(१) कुनै जनप्रतिनिधी/पदाधिकारीबाट यस आचारसंहिताको उल्लंघन भएको ठहर भएमा निजमाथि लागेको आरोप तथा सो सम्बन्धमा सिफारिश भएको कार्वाहीको बिबरण समेत सम्बन्धित जनप्रतिनिधि सम्बद्ध राजनीतिक दललाई जानकारी गराउनुपर्नेछ ।

(२) जनप्रतिनिधि कुनै पनि राजनीतिक दलसंग सम्बद्ध नभएमा सोको जानकारी नागरिक समाजलाई दिनुपर्नेछ ।

(३) जाँचवुझका आधारमा जनप्रतिनिधी, पदाधिकारी उपर कार्वाहीका लागि भएको सिफारिशको कार्यान्वयन गर्ने, जनदवाव सिर्जना गर्ने वा सचेत गराउने काममा राजनीतिक दलहरु र नागरिक समाजको सहयोग माग गर्न सकिनेछ ।

३८. आचारसंहिताको संशोधन :

(१) **नगरपालिका**को नगर सभाबाट आचारसंहिता सम्बन्धी नियमहरुमा संशोधन गर्नसकिनेछ ।

(२) आचारसंहितामा भएको संशोधनको जानकारी सम्बन्धित सबै जनप्रतिनिधि, कर्मचारी, तथा सरोकारवालाहरुलाई दिनुपर्नेछ ।

(३) आचारसंहितामा संशोधन भएका खण्डमा आम जनताको जानकारीका लागि सार्वजनिक गर्नुपर्नेछ ।